**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ३१ जनवरी २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले भन्नु भएको छ कि विश्वभरिकै अस्थिरता बीच भारतले आर्थिक, सामाजिक अनि राजनीतिक स्थिरताको एक स्तंभको रूपमा विश्वको अघि उदाहरण पेश गरिरहेको छ।
- खरसाङ खण्ड पञ्चायत समितिको आयोजनामा आजदेखि तीन दिवसीय खरसाङ माघे मेला उत्सव शुरु भएको छ। यसै अवसरमानै भोइस अफ् खरसाङको पनि आयोजना गरिएको छ।
- कलकत्ता हाई कोर्टले गोरखा जनमुक्ति मोर्चाका सुप्रीमो बिमल गुरुंगको जमानत याचिका लाई स्वीकार गरेको छ।
- ५ डेसिमलको पर्जा-पट्टाको बिरोध गर्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टले आगामी 8 फरवरी को दिन मिरिकमा विशाल जुलुस साथै सभा आयोजना गर्ने घोषणा गरेको छ।
- खेलकूद संघको आयोजनामा खरसाङको चानमारी खेल मैदानमा भईरहेको शहीद गोल्ड कप फुटबल टुर्नामेन्टको दोस्रो सेमी फाइनल खेलमा आज united FC दार्जिलिङ ले GARWAL RIFFLES लाई पराजित गरेर फाइनलमा प्रवेश गरेको छ।

**<u>बजट- राष्ट्रपति</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नु भएको छ कि विश्वभरिकै अस्थिरता बीच भारतले आर्थिक, सामाजिक अनि राजनीतिक स्थिरताको एक स्तंभको रूपमा विश्वको अघि उदाहरण पेश गरिरहेको छ। राष्ट्रपतिले आज संसद भवनमा लोकसभा अनि राज्यसभाको संयुक्त बैठकलाई संबोधित गर्दै यसो भन्नुभएको हो। महिला सशक्तिकरण बारे राष्ट्रपतिले भन्नुभयो कि सरकार महिलाहरुको नेतृत्वमा विकासको दृष्टिकोण सित कार्य गरिरहेको छ।

****** ० ******

<u>प्रधानमंत्री - राष्ट्रपति अभिभाषण</u>

प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ कि राष्ट्रपति द्रौपदी मुर्मुको आज संसदका दुवै सदनहरुको संबोधन विकसित भारतको निर्माणको दिशामा भारतको प्रयासहरुलाई दर्शाउदछ। एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो - राष्ट्रपति मुर्मुले सबै क्षेत्रहरुमा गरिएको पहलहरुबारे उल्लेख गर्नुहुदै सर्वांगीण अनि भविष्यको विकासको महत्वलाई रेखांकित गर्नुभएकोछ। श्री मोदीले भन्नुभयो कि राष्ट्रपतिको अभिभाषणले एउटा यस्तो भारतको दृष्टिकोणलाई व्यक्त गर्दछ जहां युवाहरुलाई अघि बढ्ने सर्वोत्तम अवसर प्राप्त हुनेछ।

यसै सन्दर्भमा बजटलाई लिएर GTA क्षेत्रका महिलाहरुले पनि आशा साचेका छन्। सुन्नुहोस एक रिपोर्ट ---

****** ० ******

**<u>५ डेसिमल- जुलुस</u>**

५ डेसिमल बारे अहिले निकै बिरोध चलिरहेको समयमा इण्डियन गोर्खा जनशक्ति फ्रण्टले आगामी 8 फरवरी को दिन मिरिकमा विशाल जुलुस साथै सभा आयोजना गर्ने घोषणा गरेको छ। "हामीलाई 5 डेसिमल, ल्याण्डलेस (landless) पट्टा होइन, आफ्नो अधिनमा रहेको सम्पूर्ण जमिनको रैथाने पट्टा देऊ" भन्ने माग इण्डियन गोर्खा जनशक्ति फ्रण्टको रहेको छ। यस विषयमा पार्टी संयोजकले राज्यकी मुख्यमन्त्रीलाई पत्रचार पनि गरेका थिए तर उत्तर नआएपछि सभा गर्ने भएको बताइएको छ। जाति अनि माटो प्रेमी,संघ संस्थाहरूलाई फ्रण्टका संयोजक अजय एडवर्ड्सले जुलुस एवं सभामा सहभागी भई दिने आह्वान गरेका छन्।

****** ० ******

**खरसाङ माघे मेला उत्सव**

खरसाङ खण्ड पञ्चायत समितिको आयोजनामा आजदेखि तीन दिवसीय खरसाङ माघे मेला उत्सव शुरु भएको छ। खरसाङ खण्ड अन्तर्गत दुधेको डम्फेटारमा शुरु भएको यस तीन दिवसीय खरसाङ माघे मेला उत्सवको अध्यक्षता खरसाङ खण्ड पञ्चायत समितिका सभापति अनु छेत्री प्रधानले गरेका थिए भने प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको चेयरम्यान अञ्जुल चौहान उपस्थित रहेका थिए। यस तीन दिवसीय खरसाङ माघे मेला उत्सवमा खरसाङ खण्ड अन्तर्गत १४ वटै ग्राम पञ्चायतहरुबाट राखिएको विभिन्न स्टलहरुको प्रमुख बाहुलीबाट रिबन काटेर उदघाटन गरिएको छ।

****** ० ******

**भोइस अफ् खरसाङ**

खरसाङ पञ्चायत समितिको आयोजनामा आयोजित खरसाङ माघे मेला उत्सवको अवसरमानै भोइस अफ् खरसाङ को पनि आयोजना गरिएको छ। ग्रामीण क्षेत्रका युवा प्रतिभाहरुलाई प्रोत्साहन दिन साथै मञ्च प्रदान गर्नलाई आयोजित भोइस अफ् खरसाङमा आज 17 जना प्रतियोगिताहरुले आफ्नो प्रस्तुति दिए। गत 23 जनवरीमा भोइस अफ् खरसाङको अडिशन सम्पन्न भएको थियो जसमा 40 जना प्रतियोगीहरुबाट 17 चयन भएका थिए। ती 17 जना प्रतियोगिताहरुले आज बागिना सांगीतिक टोलीको साथमा खरसाङ माघे मेला उत्सवमा प्रत्यक्ष प्रस्तुति दिएका थिए। आजको कार्यक्रममा खरसाङ महकुमा शासक आईएएस बिन्दाबासिनी तेजा दिपक, खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्ती, खरसाङ खण्ड पञ्चायत समितिका सभापति अनु छेत्री प्रधान लगायत अन्यहरु उपस्थित रहेका थिए।

****** ० ******

**बिमल गुरुंग- जमानत**

कलकत्ता हाई कोर्टले गोरखा जनमुक्ति मोर्चाका सुप्रीमो बिमल गुरुंगको जमानत याचिका लाई स्वीकार गरेको छ। बर्ष 2017 मा गोरखालैंड आंदोलनको अवधि गोरखा जनमुक्ति मोर्चा समर्थकहरुको गोलीबारीमा दार्जिलिंग सदर थानाका एसआई अमिताभ मलिकको मृतु भएको थियो। यस मामलामा बिमल मुख्य आरोपित थिए। कलकत्ता हाई कोर्टको जलपाईगुड़ी सर्किट बेंचका न्यायमूर्ति जयमाल्य बागची अनि न्यायमूर्ति गौरांग कांतको खंडपीठले हिज बिहिबार यस मामलामा बिमल गुरुङलाई जमानत दिएको छ। स्मरण रहोस कि 2017 मा दार्जिलिंगमा आन्दोलनको अवधि मोर्चा सुप्रीमो बिमल गुरुंगको खोजि अभियानमा 13 अक्टूबरको दिन दार्जिलिंगको सिरुबारी जंगलमा एसआई अमिताभ मलिकको गोली लाग्दा मृतु भएको थियो। यस घटनाका मुख्य आरोपित बिमल गुरुंग थिए। घटनाको जांचको जिम्मेवारी सीआईडी लाई दिईएको थियो। यस संदर्भमा सरकारी वकील अदिति शंकर चक्रवर्तीले भन्नुभयो कि गुरुंग बिरुद्ध केहि मामला अझ पनि थातीमा रहेको छ अनि केहि मामलाहरुमा उहाँलाई जमानत प्राप्त भैसकेको छ। यस घटनामा उहाँ माथि हत्या अनि शस्त्र अधिनियमको धाराहरु लगाईएको उहाले अझ बताउनुभयो।

****** ० ******

**कालेबुङका -द्वारे सरकार**

कालेबुङका विभिन्न स्थानहरुमा नवौं चरणको द्वारे सरकार शिविर सम्पन्न भई रहेको छ। आज भालूखोप ग्राम पञ्चायत अनि बोङ ग्राम पञ्चायतमा शिविर सम्पन्न भयो। बिशेष गरेर राज्य सरकारको विभिन्न कल्याणकारी योजनाहरूको लाभ जनसाधारणसम्म पुगोस् भनेर सरकारद्वारा सञ्चालित यो शिविर एउता नमूना बन्न पुगेको छ। यो शिविर राज्यव्यापी रूपमा नै सञ्चालन भैरहेको छ भने कालेबुङमा यसको सफलता प्रशंसनिय रहेको छ।

****** ० ******

**पर्यटक- मृतु**

आफ्नो परिवारका सदस्यहरु सित दार्जिलिंग घुम्न आएका दक्षिण 24 परगना जिल्लाक एक पर्यटकको मृतु भएको खबर छ। मृतकको नाम 55 बर्षिय अमियोनाथ घोष बताईएको छ। अमियोनाथ घोषको हिज राती दार्जिलिंगको एउटा होटलमा अचानक हृदयघातको कारण मृतु भएको जानकारी प्राप्त भएको छ। त्येस पछि उनलाई जिला अस्पताल पुर्याईयो , जहां डॉक्टरहरुले उनलाई मृत घोषित गरे। सुत्रहरु अनुसार, अमियोनाथ घोषको परिवार 28 जनवरीको दिन घरबाट दार्जिलिंग घुम्न निस्किएका थिए। उनि हिज दार्जिलिंगको मॉल रोड स्थित एउटा होटलमा बसेका थिए। आज मृतक अमियोनाथ घोषको शव उनको घर पठाईएको छ।

****** ० ******

**सोम कमान- बाटो मरमती**

दार्जिलिंग स्थित सोम कमानको तेस्रो डिबिजन अन्तर्गत बाइसेधुरा गाउँको बाटोको अवस्थाले स्थानीय गाउँलेहरुलाई समस्या भईरहेको ग्रामबासीहरुको गुनासोलाई इण्डियन गोर्खा जनशक्ति फ्रण्टका केन्द्रीय प्रमुख संयोजक अजय एडवर्ड्सले सुनेपछि कार्यमा परिणत गर्न सफल भएको, पूल-बिजनबारी खण्ड समितिका संयोजक भरत तामाङले बताएका छन्। गाउँलेहरुको गुनासोलाई अजय एडवर्ड्सले मध्यनजर राखेर सहयोगको हात बढाएपछि बाटोको मरमती कार्य सम्पन्न भएको भन्दै गाउँवासीले कृतज्ञता प्रकट गरेको भरत तामाङले भिडियोमार्फत जनाएका छन्।

****** ० ******

**भूमिपूजन**

रङली-रङलियट समष्टि अन्तर्गत रङली चियाबारीको जिम्बा गाउँमा नयाँ गुम्बा निर्माणको लागि भूमिपूजन गरिएको छ। भूमिपूजनको लागि गुञ्जाङ्ग गुम्बा, सिक्किमबाट १२ औतारी क्याब्जो गङ्गा रिम्पोर्छे आउनु भएको छ। दार्जीलिङ प्रथमचोटी आउनुभएका रिम्पोर्छेको दर्शन गर्न आयोजन समितिको पक्षबाट अनुरोध गरिएको छ।

****** ० ******

**शहीद गोल्ड कप खरसाङ**

जीटीएको युवा मामिला अनि खेलकूद विभागको सहयोगमा खरसाङ महकुमा खेलकूद संघको आयोजनामा खरसाङको चानमारी खेल मैदानमा भईरहेको शहीद गोल्ड कप फुटबल टुर्नामेन्टको दोस्रो सेमी फाइनल खेल आज united FC दार्जिलिङ ले GARWAL RIFFLES लाई 1 को बिरुद्ध 2 गोलले पराजित गरेको छ। पराजित भएता पनि GARWAL RIFFLES का खेलाडी रोहित भुजेल, उत्कृस्ट खेलको निम्ति म्यान अफ द म्याच बनेका छन् | प्रतियोगिताको फिनलमा आगामी तारिख united FC दार्जिलिङकोको भिडन्त दार्जीलिंग पुलिससित हुनेछ |

****** ० ******

**अवैध- घुसपैठिहरु पक्राउ**

न्यू जलपाईगडी थानाको पुलिसले अवैध रूपमा भारतमा प्रवेश गरिरहेको समय तीन बांग्लादेशी घुसपैठिहरुलाई पक्राउ गरेको छ। पक्राउ गरिएको बांग्लादेशी घुसपैठिहरुको नाम-मोहम्मद हबीब, मोहम्मद शमशेर अली अनि अतिरुल मोहम्मद रहेको छ। पुलिस सूत्रहरु अनुसार, यसबारे सूचना प्राप्त भए पछि न्यू जलपाईगडी थाना प्रभारी सोनम लामाले आफ्नो दल सित फूलबाड़ी इलाकामा अभियान चलाएर तीन बंगलादेशी घुसपैठिहरुलाई पक्राउ गरे।

****** ० ******